# विद्युतीय भुक्तानी प्रवर्द्धनका लागि नेपाल राष्ट्र बैकको प्रस्तुति

## डिजिटल भुक्तानी सचेतना गीत

- रचना : डा.भागवत आचार्य
- सङ्गीत : विषम आचार्य
- स्वर : प्रताप दास र ममता गुरुङ

विद्युतीय माध्यमबाट कारोवार गरौं
सजिलो छ, सुरक्षित यो सबले प्रयोग गरौं ।

नगद बोके चोरी हुने हराउने डर
समयको बचत मितव्ययी कारोवार
नगदरहित प्रविधिले क्या सजिलो भाछ
नोट छाप्ने, ल्याउने देशको खर्चसमेत घट्छ ।

सब ठाउँ सब समय तिर्न मिल्ने चेतना छरौं
सजग भई विद्युतीय कारोवार गरौं ।

विद्युत्, पानी, व्यापार, शिक्षा, कर-शुल्क सब
डिजिटल भुक्तानी नै सजिलो छ अब
युजर, पासवर्ड, पिन् कोड भने दिनुहुन्न कहीँ
सबै भुक्तानी गर्न मिल्छ यसले जहीँतहीँ ।

मोवाइल बैंकिङ, वालेट, क्यु.आर.वा जे सुकै रोजौं
कार्ड वा इन्टरनेट प्रयोग गरी कारोवार गरौं ।

सुशासन ल्याउँछ देशमा पारदर्शिता बढ्छ
डिजिटल, हरित नेपाल बन्न सघाउ पुग्छ
आफैं सिके हुन्छ यसलाई सिक्न परे बैंक जाऊँ
गुनासो भए संस्था, बैंक वा राष्ट्र बैंकमा भनौं ।

लाइन हैन अनलाइनमा पैसा लेनदेन गरौं
ढुक्कसँगले विद्युतीय कारोवार गरौं ।